मिति २०७९ असार ७ गते बसेको मन्थली नगर कार्यपालिकाको ६१ औं वैठकका निर्णयहरु

## निर्णय नं. १

कार्यपालिकाको अघिल्लो वैठकमा भएका निर्णय र सो सम्बन्धमा भएको कार्य प्रगतिवारे छलफल तथा समीक्षा गरियो । वैठकका निर्णय कार्यान्वयन सन्तोषजनक रहेको पाईयो ।

## निर्णय नं. २

मन्थली नगरपालिकाले नगरपालिकाबाट सम्पादन हुने सेवा प्रवाहलाई जवाफदेही र प्रभावकारी बनाउन तयार गरिएको सार्वजनिक सेवा प्रवाह मापदण्ड २०७९ परिमार्जन सहित पारित गरियो ।

## निर्णय नं. ३

मन्थली नगरपालिकाको बित्तीय साक्षरता तथा मनोसामाजिक परामर्श अनुदान सहयोग कार्यविधि, २०७९ परिमार्जन सहित पारित गर्ने ।

## निर्णय नं. ४

मन्थली नगरपालिका वडा नं. १ मा रहेको नगरपालिकाले यस अघि ग्यारेजको रुपमा प्रयोग गर्दै आएको आयुर्वेद स्वास्थ्य कार्यालयको अगाडि रहेको जग्गामा योग शिविर सञ्चालन गर्न आवश्यक व्यवस्थापन गर्ने ।

## निर्णय नं. ५

कार्यदलले तयार गरी नगर शिक्षा समितिबाट पारित भई कार्यपालिकामा पेश भएको मन्थली नगरपालिकाको स्थानीय पाठ्यक्रम (६-८) स्वीकृत गरी कार्यान्वयनमा लैजाने ।

मन्थली नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
मन्थली, रामेछाप
बागमती प्रदेश, नेपाल

<u>निर्णय नं. ६</u>

नगरपालिकाको विषयगत समितिबाट तयार भई वजेट तर्जुमा समितिबाट परिमार्जन सहित पारित भएको मन्थली नगरपालिकाको आगामी आर्थिक वर्ष २०७९/८० को नीति, कार्यक्रम र वजेट परिमार्जन सहित पारित गरी आगामी एघारौ नगरसभामा पेश गर्ने ।